# राष्ट्रपतिको कार्यालय

राष्ट्रपतिको कार्यालयको यो वर्ष विनियोजन रु.३३ करोड १४ लाख, राजस्व रु.१ लाख, धरौटी रु.२ करोड ९५ लाखसमेत रु.३६ करोड १० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **पारिश्रमिक तथा सुविधा -** नेपालको संविधानको धारा ७२ मा राष्ट्रपतिको पारिश्रमिक तथा सुविधा संघीय ऐनबमोजिम हुने र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ। यो वर्ष मन्त्रिपरिषद्को निर्णयको आधारमा सम्माननीय राष्ट्रपतिज्यूको पारिश्रमिकलगायत सुविधामा रु.५३ लाख ९४ हजार र स्वकीय सचिवालयअन्तर्गत राज्यमन्त्री सरहको विज्ञ ७, राजपत्राङ्कित विशिष्ट श्रेणीसरह स्वकीय सचिव ४, राजपत्राङ्कित प्रथम श्रेणी सरह स्वकीय सहसचिव २ सहित कुल ३१ पदाधिकारी तथा कर्मचारीलाई तलब भत्तामा रु.७३ लाख ९७ हजारसमेत पारिश्रमिक तथा सुविधामा कुल रु.१ करोड २८ लाख खर्च भएको छ ।

पूर्व-राष्ट्रपतिज्यूको निवासको घर भाडा, विद्युत तथा खानेपानी महसुल भुक्तानीको व्यवस्था मिलाउन अर्को व्यवस्था नभएसम्मको लागि राष्ट्रपतिको कार्यालयले सोको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउने मन्त्रिपरिषद्को २०७२।१२।२६ को निर्णयअनुसार २०७२।७।१२ देखि २०७३ आषाढसम्म रु.१२ लाख ५२ हजार खर्च लेखेको पाइयो ।

यस किसिमको सुविधा कानुन बनाई व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

- **बेरुजू स्थिति -** यो वर्ष रु.४ लाख २१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ४२ हजार फछ्र्यौट गरेकोले रु.१ लाख ७९ हजार बाँकी रहेको छ ।